# धनकुटा बसपार्कमा सुचना अधिकार केन्द्रको होर्डिङ्ग बोर्ड

धनकुटा नगरलाई सुचना नगरी बनाउने अभियान स्वरुप जनहित असल शासन क्लबले धनकुटा सदरमुकामको बसपार्कमा २०७० मंसीर ५ गते सुचनाको हकसम्बन्धी होर्डिङ्ग बोर्ड राखेको छ ।

पहिलो पटक धनकुटामा सुचनाको हकका लागि नागरीक अभियान, काठमाडौ र राष्टिय सुचना आयोगसंगको संयूक्त सहकार्यमा जनहित असल शासन क्लबले उक्त बोर्ड राखेको हो । होर्डिङ्ग बोर्डमा सुचना हक र यसको प्रयोगको प्रक्रियामा सहयोगको लागि सुचना अधिकार केन्द्र भन्ने सन्देश लेखिएको छ भने सार्वजनिक निकायबाट तपाईंलाई सुचना पाउन कुनै कठिनाई छ ? भन्ने प्रश्न मुख्य नाराको रुपमा राखिएको छ । सुचना अधिकार केन्द्रमा सम्पर्क गर्ने टोल फ्रि नं. दिइएको छ भने एसएमएस सेवाबारे पनि जानकारी गराइएको छ । सुचनाको अधिकार हाम्रो मौलिक अधिकार हो भन्ने नारा समेत उल्लेख गरिएको सो बोर्ड जनहित असलशासन क्लबका कार्यकारी निर्देशक नोदनाथ त्रिताल, सचिव हुकुमप्रसाद दाहाल, स्वयंसेवक महेश मल्लिक सहित ६ जनाको टोलीले राखेको हो । होर्डिग बोर्डबाट हजारौं धनकुटाबासीहरु सुचनाको हकसम्बन्धी सुचनाबाट जानकार हुने अपेक्षा गरिएको छ ।

हालै जनहित असल शासन क्लबले धनकुटा नगरपालिकासंग गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा धनकुटा नगरपालिकालाई सुचकहरु निर्धारण गरी सुचना नगरी बनाउने साझा सार्वजनिक प्रतिबद्धता पत्रमा कार्यकारी अधिकृत कुमारप्रसाद कोइरालाले हस्ताक्षर गरी प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।









